काठमाडौं महानगरपालिका
येँ महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
काठमाडौं प्लाजा, कमलादी, काठमाडौं, बागमती प्रदेश, नेपाल
सार्वजनिक नीजि साझेदारी एकाई

प.स.: ०८३/८४
च.नं. ९४

मितिः २०८३/०५/०४
नेपाल संवत्: ११४६ गुंलाथ्व अष्टमी

**विषयः सार्वजनिक शौचालयसम्बन्धी विवरण तथा सूचना उपलब्ध गराइदिने सम्बन्धमा।**

**श्री सबै विभाग/एकाई/सचिवालय/आयोजना कार्यक्रमहरु,**
**काठमाडौं महानगरपालिका**

प्रस्तुत विषयमा कार्यवाहक प्रमुखज्यूको अध्यक्षतामा बसेको सहरी योजना आयोगको ५७औं बैठकको निर्णयअनुसार काठमाडौं महानगरपालिका क्षेत्रभित्र हाल सञ्चालनमा रहेका सार्वजनिक शौचालयहरूको अवस्था, आवश्यकता, सेवा सुविधा, सञ्चालन तथा व्यवस्थापनको अवस्था अध्ययन गरी प्रतिवेदन पेश गर्ने प्रयोजनका लागि अध्ययन समिति गठन भई कार्य प्रारम्भ भएको छ।

यस समितिको मिति २०८३ भाद्र ३ गते बसेको बैठकको निर्णयबमोजिम यस अध्ययनका लागि महानगरपालिकाका विभिन्न निकायहरुबाट विगत तथा हालका वर्षहरूमा सार्वजनिक शौचालयसम्बन्धी भएका अध्ययन, निर्माण, मर्मतसम्भार, सञ्चालन/व्यवस्थापन तथा बजेट विनियोजनसम्बन्धी विवरण एकीकृत गर्न आवश्यक भएको हुँदा तपसिलबमोजिमका उपलब्ध विवरण तथा सम्बन्धित कागजात/अभिलेख पत्र प्राप्त भएको मितिले ७ दिनभित्र अध्ययन समितिलाई उपलब्ध गराइदिनुहुन अनुरोध छ।

<u>तपसिल</u>

१. **विगतमा गरिएको अध्ययन प्रतिवेदनः** सार्वजनिक शौचालयसम्बन्धी कुनै अध्ययन, सर्वेक्षण, प्रतिवेदन, कार्यविधि वा मापदण्ड तयार गरिएको भए सोको Soft/Hard Copy,
२. **सार्वजनिक शौचालयसम्बन्धी उपलब्ध तथ्याङ्कः** सार्वजनिक शौचालयको सूची, स्थान, अवस्था, स्वामित्व, सञ्चालन तथा व्यवस्थापनसम्बन्धी उपलब्ध विवरण

काठमाडौं प्लाजा, कमलादी, काठमाडौं, नेपाल । फोन नं. ०१-४१६८७२७
इमेलः ceo@kathmandu.gov.np , info@kathmandu.gov.np, वेबसाइटः www.kathmandu.gov.np

काठमाडौं महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
काठमाडौं प्लाजा, कमलादी, काठमाडौं, बागमती प्रदेश, नेपाल

## सार्वजनिक नीजि साझेदारी एकाई

प.स.: ०८३/८४
च.नं. ९४

३. **चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रमः** सार्वजनिक शौचालयको नयाँ निर्माण, मर्मतसम्भार, स्तरोन्नति वा सञ्चालन व्यास्थापनका लागि चालु आर्थिक वर्षमा बजेट तथा कार्यक्रमको व्यवस्था भए सोको विवरण

४. **निर्माण तथा मर्मतसम्भारको अवस्थाः** हाल निर्माणाधीन, मर्मतस्तरोन्नति भइरहेका वा प्रस्तावित सार्वजनिक / शौचालयसम्बन्धी विवरण

५. **थप आवश्यकता तथा प्रस्तावः** नयाँ सार्वजनिक शौचालय आवश्यक देखिएका स्थान, विद्यमान शौचालयमा आवश्यक सुधार तथा सुझाव

०८३।०२।१४

**नरेन्द्र मान बज्राचार्य**
**सदस्य सचिब**
सार्वजनिक शौचालय अवस्था अध्ययन समिति

**सादर अबगतार्थ**

१. कार्यवाहक नगर प्रमुखज्यूको सचिवालयः जानकारीका लागि।
२. प्रमुख प्रशासकीय अधिकृतज्यूको सचिवालयः जानकारीका लागि।
३. सहरी योजना आयोगको सचिवालयः जानकारी तथा अभिलेखका लागि।

**बोधार्थ**

श्री सूचना प्रबिधि बिभाग
काठमाडौं महानगरपालिकाः यस पत्र वेबसाइमा अपलोड गरिदिनुहुन ।

काठमाडौं प्लाजा, कमलादी, काठमाडौं, नेपाल । फोन नं. ०१-४१६८७२७
इमेलः ceo@kathmandu.gov.np , info@kathmandu.gov.np, वेबसाइटः www.kathmandu.gov.np